राप्ती गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मसुरीया देउखुरी दाङ

# राप्ती गाउँपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन २०८१

**प्रस्तुतकर्ता**

**कमलापति चौधरी संयोजक, योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

## सभाध्यक्ष महोदय, सभाका सचिव तथा सदस्यज्यूहरु,

जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय सरकारसंग जन अपेक्षा सरकारका अन्य तह तथा अन्तरगतका निकायको तुलनामा स्वभाविक रूपमा बढि नै रहेको छ। सीमित स्रोत साधन र असिमित आवश्यकता वीच सन्तुलन कायम गर्दै राप्ती गाउँपालिकाले अंगीकार गरेको " समृद्ध राप्ती खुसी र सुखी राप्तीबासी" को मुल ध्येयलाई हासिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष सबल हुन जरुरी छ। छोटो समयावधिमा विकासका लक्ष्यहरू हासिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु आजको आवश्यकता रहेको छ । योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेल्दछ वर्तमान संङ्घीय संरचना अनुरुप गाउँपालिकाको विभिन्न तहमा हुने अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ। गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्यले तोकेका परिणाम प्राप्त गर्नको लागि समेत अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुयाउनेछ। प्रस्तुत सन्दर्भमा तयार भएको अनुगमन प्रतिवेदनले गाउँपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनमा तर्जुमा गरिने योजनाको लक्ष्य, उद्देश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ।

राप्ती गाउँपालिकाद्धारा चालु आ.व. २०८०/०८१ मा संचालित विभिन्न योजनाहरुको समग्र अनुगमन प्रयोजनका लागि " राप्ती गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७५" को दफा ३ को उपदफा (१) ले व्यवस्था गरे बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समितिले योजना सम्झौता देखी कार्यसम्पन्न हुने समयसम्म विभिन्न मितिमा गरेको स्थलगत अनुगमन, निरीक्षण तथा गाउँबासीहरुको छलफलको आधारमा विभिन्न राय, सुझाव, आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरी यस समितिमा ती राय, सुझाव, सूचना तथा तथ्याङ्कहरुको व्यापक छलफल तथा समिक्षा गरी निस्किएको निचोडको सारको रपमा यो प्रतिवेदन रहेको छ।

यस प्रतिवेदनले कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन पक्षको समिक्षा मार्फत यस गाउँपालिकाको आवधिक योजना,मध्यमकालिन खर्च संरचना, बार्षिक बजेट तथा कार्यक्रमले लक्ष्य तथा उद्धेश्य प्राप्तीमा महत्वपुर्ण योगदान पुऱ्याउनेछ भन्ने अपेक्षा लिएको छु। साथै यस प्रतिवेदन तयार पार्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

## पृष्ठभूमी

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ। विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ। नयाँ संविधान जारी भएपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कनको सफल अभ्यास हुदै आइरहेको छ। नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्न राप्ती गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात् अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भए बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छ। तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपने विधि तथा प्रक्रिया, सूचक तथा सूचनाका स्रोतहरू, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटेको छ। प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामूलक बनाउन आवश्यक छ। गाउँपालिकाको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरूमा लागू गरी संस्थागत गर्न, मूल्याङ्गनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ उपदफा ४ ख ५ स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८ को दफा ६.२.२ बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले बार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने र सो को प्रतिवेदन कार्यपालिका वैठकमा समेत पेश गरी छलफल गर्ने प्रावधान रहे बमोजिम यसराप्ती गाउँपालिकामा संघिय सरकार, प्रदेश सरकार सहित गाउँपालिका द्वारा आ व २०८०/०८१ मा ९ वटै वडामा संचालित ५ वटै विषय क्षेत्रगत पुर्वाधार, सामाजिक, आर्थिक, वातावरण विपद र सार्वजनिक सेवा प्रवाह तथा शुसासनयोजना तथा कार्यक्रमको यस गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिवाट गरी यो प्रतिवेदन तयार गर्ने गरिएको छ।

**उद्धेश्य**

अनुगमनले संचालित योजना, आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ । उपरोक्त उद्धेश्यहरुका साथै अनुगमनका निम्न उद्देश्यहरू रहेका छन् ।

- आयोजना कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लगि आवश्यक निर्देशन दिने ।
- कार्यतालिका बमोजिम आयोजना कार्यान्वयन भए नभएको यकिन गरी नभएको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने ।
- विभिन्न आयोजनाहरुको कार्यसंचालनको स्थिति, गुणस्तरको अवस्था तथा उपभोक्ताहरुको राय, सुझाव समेतको आधारमा आयोजनाहरुको अनुगमनका क्रममा देखिएका समस्याहरुको लेखाजोखा गरी आवश्यक सुझाव सहित प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने ।
- विकास निर्माण कार्यमा स्थानीय सहभागिता वृद्धि गर्ने ।
- कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरूको आधारमा कार्यसम्पादन भए नभएको निर्धारण गर्न ।
- कार्यक्रम/आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम/आयोजनाको निर्धारित अवधिध सम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत सम्भार निश्चित गर्न ।
- कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न, कार्यक्रम/आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरू निर्धारण गर्न ।
- कार्यक्रम/आयोजनाको प्रगतिको समीक्षा गर्न, पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न ।
- कार्यक्रम/आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र कार्यक्रम/आयोजना सम्पन्न भएपछि थप कार्य आवश्यक रहेको वा नरहेको निक्र्यौल गर्न ।

- संचालित कार्यक्रम/आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न, भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरू प्राप्त गर्न ।
- योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न ।
- गाउँपालिकाबाट चालु आ व ०८०/०८१ मा भए गरेका विभिन्न योजना तथाकार्यक्रमहरुको अनुगमन गरी देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझावको जानकारी गराउने ।
- अनुगमन समितिबाट हाल सम्म भए गरेका गतिविधिको जानकारी गराउने ।

**योजना सुपरिवेक्षण तथा अनुगमन समिति**

राप्ती गाउँपालिकाको योजना अनुगमन तथा सुपरिक्षेण सम्बन्धी कार्यविधि २०७५ बमोजिम देहाय बमोजिमको योजना सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिएको छ ।

**समिति**

| | | |
|---|---|---|
| संयोजक | श्री कमलापती चौधरी | गा पा उपाध्यक्ष |
| सदस्य | श्री रण बहादुर पुजाली सार्की | कार्यपालिका सदस्य |
| सदस्य | श्री चम्फा भुसाल | कार्यपालिका सदस्य |
| सदस्य | श्री नेव बहादुर वली | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य सचिव | श्री विकास ज्ञवाली | योजना शाखा प्रमुख |

**अनुगमन ढाँचा/ विधि:**

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहीको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धि गर्ने, सरोकारवालाको धारणा बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ । साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ । तसर्थ विकास आयोजनाहरूको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समीक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बद्ध सरोकारवालाहरूको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउनसक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ । बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन/निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरू गर्ने गरिएको छ :-

- अनुगमन समितिलाई कार्यविधिले निर्देश गरे बमोजिम आयोजना स्थलमा सरोकारवाला समेतको सहभागितामा प्रत्यक्ष रुपमा निरीक्षण गर्ने,
- लाभान्वित वर्ग तथा सरोकारवालाहरुसंग छलफल तथा अन्तक्रिया गर्ने,
- आयोजनाको लागत इस्टिमेटको अध्ययन तथा सो अनुसार फिल्डमा कार्य भए नभएको हेर्ने,
- आयोजनाको खर्च सार्वजनिक तथा सार्वजनिक परीक्षण गर्ने, संचालित आयोजनाको औचित्य, आवश्यकता र महत्वको बारेमा समेत व्यापक रुपमा स्थानीय संग छलफल र परामर्श गर्ने ।
- आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अवलोकन गर्ने
- आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरूबारे जानकारी लिने दिने ।
- समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरू पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका वारेमा निर्णयकर्तालाई जानकारी गराउने ।
- आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने ।
- आयोजना र अन्य पक्षबीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने ।

**अनुगमन तथा सुपरीवेक्षण समितिले निर्धारित रुजुसूची (checklist) को आधारमा सेवाग्राहीहरूसँगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ । यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्बन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरूलाई पुष्ट्याई गर्न, स्थानीयवासीहरूका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ । अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरू अपनाइएको थियो:**

- स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन
- आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया
- गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका पदाधिकारी लगायतका अगुवाहरुसँगको अन्तरक्रिया
- आयोजनाको उपभोक्ताहरसंगको अन्तरक्रिया र छलफल

**अनुगमनको सिमा**

- महत्वाकांक्षी योजनाहरुको बाहुल्यता भएकाले सम्पूर्ण योजनाहरुको अनुमन प्रभावकारी हुन नसक्नु,
- योजनाको प्रभाव मूल्याङ्कनका लागि दक्ष जनशक्तिको अभाव
- आयोजना तर्जुमा प्रक्रियामा नै कम गुणस्तर खालका योजना तर्जुमा हुने गरेकाले नतिजा प्राप्ति गर्न कठिन
- योजनाको अनुगमन प्रक्रिया सहज नभइ खर्चिलो एवं बढी समयको खपत हुने हुदा समय खर्चिएर अनुगमन गर्न नसकिनु ।
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दवावले योजना अनुगमनमा सृजनात्मकता नभई तनावको वातावरण सृजना हुने ।

## ७. अनुगमनको क्षेत्र:

## पुर्वाधार तर्फ

| सि.न. | आ.व. | आयोजनाको नाम | वडा | बजेट | भुक्तानी रकम | खर्च % |
|---|---|---|---|---|---|---|
| 1 | 2080/81 | टकपुरानको घर देखि पुर्व पक्की कुलोनाला स्तर उन्नती | 8 | 200000 | 189610.64 | 94.81 |
| 2 | 2080/81 | सुअर खैला कुलो स्तर उन्नती | 8 | 150000 | 137260.11 | 91.51 |
| 3 | 2080/81 | नेपाल मगर संगाहालय भवन स्तरउनती | 8 | 1313150.6 | 961975.44 | 73.26 |
| 4 | 2080/81 | विभिन्न स्थानहरुमा सिंचाई कुलो निर्माण | 4 | 500000 | 471195.04 | 94.24 |
| 5 | 2080/81 | आधारभुत स्वास्थ्य केन्द्र मौरीघाटमा गेट तथा तारबार | 4 | 250000 | 193231.1 | 77.29 |
| 6 | 2080/81 | रात्री प्रा.वि. गेट निर्माण | 4 | 100000 | 94787.34 | 94.79 |
| 7 | 2080/81 | जनज्योती आ.वि. मा तारबार | 4 | 100000 | 92772.11 | 92.77 |
| 8 | 2080/81 | विभिन्न टोलहरुमा सडक | 4 | 1050000 | 893390.44 | 85.08 |
| 9 | 2080/81 | पिपरी मरूवाथान तथा जेष्ठ नागरीक दिवा सेवा केन्द्र | 8 | 1000000 | 765426.85 | 76.54 |
| 10 | 2080/81 | छुटकी गल्ली राप्ती ८ नाला निर्माण | 8 | 600000 | 571422.6 | 95.24 |
| 11 | 2080/81 | पिपरा थर कुलिया कुलोमा कल्भर्ट निमार्ण | 8 | 300000 | 267266.27 | 89.09 |
| 12 | 2080/81 | पिपरा शिवालय कुलोमा डुड निर्माण | 8 | 228640.9 | 178602.02 | 78.11 |
| 13 | 2080/81 | बिजौरी शिशुकक्षा भवन निर्माण | 8 | 574000 | 485212.53 | 84.53 |
| 14 | 2080/81 | पिपरी सम्मृद्ध टोल बरमनवा स्ल्याब निर्माण | 8 | 100000 | 85437.88 | 85.44 |
| 15 | 2080/81 | भिम बगैचा | 4 | 1000000 | 910317.81 | 91.03 |
| 16 | 2080/81 | तलबद्रा कल्भर्ट र डोड निर्माण | 8 | 824466.98 | 676514.4 | 82.05 |
| 17 | 2080/81 | कोलहवा सानोनदि अधुरो नालासुतरोन्नती | 8 | 150000 | 137589.55 | 91.73 |
| 18 | 2080/81 | दुर्गा हिमाल मार्ग देखि पूर्व तर्फ राष्ट्रिय मा.वि.भालुवाङ जाने निर्माणाधीन बाटोमा नाला निर्माण | 1 | 287349.96 | 237420.05 | 82.62 |
| 19 | 2080/81 | घुमाउने नयाँगाउ बाटो स्तरोन्ती | 9 | 1141799.4 | 953320.8 | 83.49 |
| 20 | 2080/81 | रामजहदी सामुदायिक वन पदमार्ग निर्माण कार्यक्रम | 1 | 574187.78 | 475866.25 | 82.88 |
| 21 | 2080/81 | चक्रपथ लमैया कृषि सडक स्तरउन्ती | 3 | 200000 | 206217.67 | 103.11 |
| 22 | 2080/81 | बगासोती होमस्टे मर्मत | 1 | 228710.48 | 190648.01 | 83.36 |
| 23 | 2080/81 | शान्ति टोल नाला निर्माण | 1 | 228950.9 | 187696.97 | 81.98 |
| 24 | 2080/81 | स्वर्गद्वारी स्कुल बाटो स्तरोन्न्ती | 1 | 382403.79 | 319736.67 | 83.61 |
| 25 | 2080/81 | पाखापानी शान्ति मार्ग बाटो मर्मत | 1 | 572667.57 | 471219.29 | 82.28 |
| 26 | 2080/81 | बगरासुर गाउँ सडक स्तरोन्नती | 6 | 500000 | 465141.98 | 93.03 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 27 | 2080/81 | मझेरिया गाउँ सडक स्तरोन्नती | 6 | 500000 | 472155.05 | 94.43 |
| 28 | 2080/81 | वडा कार्यालय हनुमानगढ़ी सडक नाला निर्माण | 1 | 228555.64 | 188031.88 | 82.27 |
| 29 | 2080/81 | एकतानगरमा कटान संरक्षण | 2 | 342565.48 | 249674.39 | 72.88 |
| 30 | 2080/81 | वाडा कार्यलय पर्खाल गेट निर्माण | 9 | 457046.15 | 380466.37 | 83.24 |
| 31 | 2080/81 | नयाँ गाउँ सिम्ले बाटो मर्मत | 9 | 228356.33 | 187075.51 | 81.92 |
| 32 | 2080/81 | घोङलेआँप स्यानीघोष बाटो मर्मत | 9 | 286185.86 | 234769.1 | 82.03 |
| 33 | 2080/81 | जावुने रुपाकोट बाटो मर्मत | 9 | 342507.91 | 283771.64 | 82.85 |
| 34 | 2080/81 | चौपारीहरु मर्मत तथा व्यवस्थापन | 3 | 267500 | 251589.71 | 94.05 |
| 35 | 2080/81 | नर्ती कुलो दक्षिण सडक | 5 | 1000000 | 934973.8 | 93.50 |
| 36 | 2080/81 | सुन्दरपुर मुख्य कुलो निर्माण वडा नं.4 | 4 | 500000 | 471962.47 | 94.39 |
| 37 | 2080/81 | पत्थरगढवा गाउँ सडक | 6 | 570642.59 | 470587.03 | 82.47 |
| 38 | 2080/81 | भानपुर अधुरो नाला निर्माण | 7 | 458157.43 | 353231.54 | 77.10 |
| 39 | 2080/81 | माछिताल बाटो स्तरोन्नति | 1 | 114600.34 | 90468.99 | 78.94 |
| 40 | 2080/81 | भद्राक्षि देवि प्रावि शौचालय निर्माण | 9 | 286346.42 | 218513.86 | 76.31 |
| 41 | 2080/81 | रोहिणी जाकिने अन्तरे बाटो मर्मत | 9 | 114473.94 | 92656.35 | 80.94 |
| 42 | 2080/81 | पत्थरगढवा गल्ली सडक स्तरोन्नती | 6 | 500000 | 473472.78 | 94.69 |
| 43 | 2080/81 | सहकारी टोल सडक स्तरोन्नती | 2 | 570587.34 | 319290.74 | 55.96 |
| 44 | 2080/81 | कालीमन्दिर स्तरोन्नती-शान्तिपुर | 1 | 114465.53 | 89777.35 | 78.43 |
| 45 | 2080/81 | बगासोती बाटो | 1 | 114348.22 | 95305.74 | 83.35 |
| 46 | 2080/81 | जितपुर खड्का टोल नाला निर्माण | 7 | 171274.4 | 138355.76 | 80.78 |
| 47 | 2080/81 | रुपाकोट मस्जीत अभुरो भवन निर्माण | 9 | 569203.67 | 458513.27 | 80.55 |
| 48 | 2080/81 | लामाखोला बाटो मर्मत | 9 | 171180.52 | 138052.72 | 80.65 |
| 49 | 2080/81 | जुडपानी सिचाइ मर्मत | 8 | 100000 | 88355.88 | 88.36 |
| 50 | 2080/81 | कालापानी बनकुलोमा कल्भर्ट निर्माण | 5 | 650000 | 467528.37 | 71.93 |
| 51 | 2080/81 | भर्मिक मल उद्योग स्थापना तथा संचालन | 4 | 300000 | 282789.87 | 94.26 |
| 52 | 2080/81 | अर्नहानपुर पुर्व वही पक्की नाला निर्माण | 7 | 228522.68 | 177242 | 77.56 |
| 53 | 2080/81 | भानपुर खेल मैदान मर्मत | 7 | 114247.42 | 87727.53 | 76.79 |
| 54 | 2080/81 | मिलनचोक नाला निर्माण | 7 | 148396.82 | 116073.11 | 78.22 |
| 55 | 2080/81 | सल्ले छुचुन्द्रे रातामाटा बाटो मर्मत | 9 | 166655.5 | 135654.57 | 81.40 |
| 56 | 2080/81 | अर्नहानपुर पश्चिम बही पक्की नाला निर्माण | 7 | 228299.65 | 189156.3 | 82.85 |
| 57 | 2080/81 | शुभदर्पन स्कुल छेउ अधुरो नाला निर्माण | 7 | 229716.86 | 187192.92 | 81.49 |
| 58 | 2080/81 | चप्टारे चौपारी मर्मत | 1 | 228231.84 | 189849.92 | 83.18 |
| 59 | 2080/81 | जनकपुर जाने छिङतलवा पनबटुवा निर्माण | 7 | 114275.9 | 92561.11 | 81.00 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 60 | 2080/81 | नयाँबस्ती ढुवान नियन्त्रण | 5 | 400000 | 380109.14 | 95.03 |
| 61 | 2080/81 | पुर्व गल्ली अधुरो नाला निर्माण | 7 | 114085.11 | 89597.78 | 78.54 |
| 62 | 2080/81 | घोरेवास देखि वडाकार्यलय सम्म सडक स्तरोन्ती | 9 | 1141939.5 | 953391.8 | 83.49 |
| 63 | 2080/81 | नयाँ बजार टोल पुल्चोक तरकारी संकलन केन्द्र जाने बाटो स्तरोन्नति | 1 | 137400.69 | 108692.14 | 79.11 |
| 64 | 2080/81 | बुटवल डगर स्तरोन्नती तथा खुरुरियामा फुडबल चाैर निर्माण | 3 | 273895.07 | 171344.05 | 62.56 |
| 65 | 2080/81 | करंगे गाउँघर किल्निक भवन निर्माण | 5 | 100000 | 95758.95 | 95.76 |
| 66 | 2080/81 | नमुना टोल पाखापानी कटेश नालामा बाटो स्तरोन्नति | 1 | 466523.94 | 369537.55 | 79.21 |
| 67 | 2080/81 | भगवानपुर गाउँ सडक | 6 | 570746.8 | 312737.65 | 54.79 |
| 68 | 2080/81 | शिद्देस्वर टोल नाला निर्माण तथा मर्मत | 1 | 200839.42 | 155635.06 | 77.49 |
| 69 | 2080/81 | सगरापुर शान्ति चोक देखि खानेपानी टंकी र दक्षिण पट्टी सडक | 6 | 1146390.5 | 869740.92 | 75.87 |
| 70 | 2080/81 | कमलरोड पश्चिम जाने बाटो पक्की नाला निर्माण | 5 | 400000 | 334533.67 | 83.63 |
| 71 | 2080/81 | सिसहनिया उधोग वाणिज्य सँघको साझेदारीमा पुस्तकालय हल निर्माण | 5 | 570833.47 | 400739.97 | 70.20 |
| 72 | 2080/81 | बराखुट्टी एकतानगर सडक स्तरोन्नती | 2 | 573096.82 | 345917.04 | 60.36 |
| 73 | 2080/81 | लालमटिया मुक्तिनगर सडक स्तरोन्नती | 2 | 914199.03 | 510234.75 | 55.81 |
| 74 | 2080/81 | भण्डारी टोलको सडकमा पक्की नाली निर्माण | 2 | 1141874.9 | 928270.02 | 81.29 |
| 75 | 2080/81 | स्वास्थ्य इकाइ केन्द्रको भण्डारण कक्ष निर्माण | 2 | 131288.93 | 90528.27 | 68.95 |
| 76 | 2080/81 | पिपलटारी सडक नाला निर्माण | 1 | 229872.79 | 189575.66 | 82.47 |
| 77 | 2080/81 | राप्ति गंगा प्रा.वि. चैते खेल मैदान स्तरोन्नति | 1 | 114225.89 | 94385.1 | 82.63 |
| 78 | 2080/81 | उत्तर मसुरिया टोलमा विधुत विस्तार | 3 | 107829.69 | 84228.33 | 78.11 |
| 79 | 2080/81 | बसन्तापुर चर्चमा वारिङ | 3 | 80000 | 76169.85 | 95.21 |
| 80 | 2080/81 | प्रगती टोल बाटो स्तरोन्नती | 3 | 57501.93 | 37194.43 | 64.68 |
| 81 | 2080/81 | स्यानिघोष बाटो मर्मत | 2 | 228387.43 | 108269.36 | 47.41 |
| 82 | 2080/81 | रुने सिचाइ योजना | 5 | 256097.85 | 83534.65 | 32.62 |
| 83 | 2080/81 | वनकुलो नाला मर्मत | 2 | 343041.46 | 286106.68 | 83.40 |
| 84 | 2080/81 | मझमेरिया पुल देखि सगरापुर जाने पुल सम्मको बाटो ग्रेभल | 7 | 343952 | 198900.45 | 57.83 |
| 85 | 2080/81 | खर्कमा बाटो स्तरोनन्ति | 1 | 228524.96 | 190374.99 | 83.31 |
| 86 | 2080/81 | मझेरिया खेल मैदान मर्मत तथा व्यवस्थापन | 6 | 342281.13 | 285513.73 | 83.41 |
| 87 | 2080/81 | रजा ए मुस्ताफा मदरसा प्रा.वि. राप्ति गाउपलिका -१ भालुवाङ - भौतिक सुधार | 1 | 572072.03 | 467223.1 | 81.67 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 88 | 2080/81 | छुट्की सिसहनिया अधुरो नाला निर्माण | 7 | 914301.83 | 760000.68 | 83.12 |
| 89 | 2080/81 | जुडपानी खानेपानी मर्मत सम्भार | 8 | 100000 | 90343.31 | 90.34 |
| 90 | 2080/81 | चिसापानि नयाँगाउँ बाटो स्तोरन्ती | 9 | 684707.94 | 537319.88 | 78.47 |
| 91 | 2080/81 | शा ैचालय निर्माण | 2 | 114884.8 | 75546.22 | 65.76 |
| 92 | 2080/81 | पुर्व पश्चिम राजमार्गदेखि सिङ्गे सडक स्तरोन्नती | 5 | 1141492.3 | 913564.98 | 80.03 |
| 93 | 2080/81 | बिर्ता रोड जय गुरुदेव टोल र खैरहिया बाटो स्तरोन्नती | 7 | 228629.12 | 176343.98 | 77.13 |
| 94 | 2080/81 | ग्रिन पार्क पूर्व रोल्पाली गल्लि बाटो स्तरोंनती | 1 | 137076.57 | 113944.96 | 83.13 |
| 95 | 2080/81 | 65 न पिपलरुख सार्वजनिक शा ैचालय मर्मत | 3 | 114404.85 | 87377.99 | 76.38 |
| 96 | 2080/81 | गुलेरवा कुला े मर्मत | 8 | 150000 | 130085.01 | 86.72 |
| 97 | 2080/81 | भल्ब मर्मत तथा निर्माण | 2 | 731705.51 | 599428.32 | 81.92 |
| 98 | 2080/81 | थकरीका ेट रिङरोड बाटो मर्मत | 5 | 399447.93 | 327504.48 | 81.99 |
| 99 | 2080/81 | शान्तिनगर बाटा े निर्माण | 2 | 114337.8 | 63389.88 | 55.44 |
| 100 | 2080/81 | पुनखोला खानेपानी विस्तार | 5 | 228376.32 | 189995.26 | 83.19 |
| 101 | 2080/81 | कुमारी बैंक सर्वोदय सडक | 5 | 872280.41 | 708313.22 | 81.20 |
| 102 | 2080/81 | सगरापुर महिलाभवन फर्नचर व्यवस्थापन | 6 | 114218.96 | 95268.07 | 83.41 |
| 103 | 2080/81 | अधुरो राम जानकी मन्दिर निर्माण | 7 | 343231.94 | 285395.81 | 83.15 |
| 104 | 2080/81 | सरस्वती आ वि मर्मत तथा फर्निचर खरिद | 7 | 114305.67 | 63122.66 | 55.22 |
| 105 | 2080/81 | राम जानकी मन्दिर निर्माण | 1 | 118570.78 | 95164.53 | 80.26 |
| 106 | 2080/81 | लामाखोला खानेपानी मर्मत | 9 | 114637.63 | 85968.01 | 74.99 |
| 107 | 2080/81 | नयाँ ठाटीखोला बाटो मर्मत | 9 | 171343.84 | 141323.71 | 82.48 |
| 108 | 2080/81 | पहरुवा उत्तर गल्ली पुर्व तर्फ नयाँ ट्रयाक | 5 | 456657.59 | 243247.45 | 53.27 |
| 109 | 2080/81 | पुनखोला वालविकास मर्मत संभार | 5 | 114534.07 | 75826.48 | 66.20 |
| 110 | 2080/81 | पधेरा े खोला सिस्ने खुट्टी तिसुवा खोला ट्र्याक खोल्ने | 5 | 456812.6 | 376744.06 | 82.47 |
| 111 | 2080/81 | प्रहरी विट तथा अटो पार्किङ व्यवस्थापन | 6 | 228684.59 | 187940.92 | 82.18 |
| 112 | 2080/81 | लड्डहवा गल्लीमा माटो फिलिङ | 5 | 228376.32 | 132064.74 | 57.83 |
| 113 | 2080/81 | सगरापुर गाउँ सडक स्तरोन्नती | 6 | 571346.76 | 457896.77 | 80.14 |
| 114 | 2080/81 | नेपाल राष्ट्रीय मा वि फर्निचर ग्रिल तथा मर्मत | 1 | 114225.2 | 95181.16 | 83.33 |
| 115 | 2080/81 | सल्ले जाकिने मुहान मर्मत | 9 | 117519.89 | 37721.75 | 32.10 |
| 116 | 2080/81 | नयाँवस्ती उत्तरटोल नाला निर्माण | 3 | 456504.77 | 368000.81 | 80.61 |
| 117 | 2080/81 | बाल उद्यान जाने बाटो अधुरो नाला निर्माण | 7 | 228646.52 | 161268.66 | 70.53 |
| 118 | 2080/81 | नेपाल राष्टिय मा वि २ कोठे भवन निर्माण | 1 | 2283206.2 | 1903853.03 | 83.39 |
| 119 | 2080/81 | झगडवा खेत तर्फ कुलोमा पक्की वाल | 7 | 171324.98 | 136693.72 | 79.79 |
| 120 | 2080/81 | मिनी बसपार्क आपखोली शौचालय निर्माण | 1 | 1142583.8 | 950758.75 | 83.21 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 121 | 2080/81 | राप्ती ५ करङ्गे जाने बाटोमा प्रतिक्षालय निर्माण | 5 | 570588.24 | 338551.77 | 59.33 |
| 122 | 2080/81 | भानपुरमा ब्याडमिन्टन कोर्ट निर्माण | 7 | 171203.89 | 135343.54 | 79.05 |
| 123 | 2080/81 | बड्का सिसहनिया बाल उद्यान | 7 | 686627.17 | 482151.02 | 70.22 |

## अनुगमन समितिबाट भए गरेको अनुगमन योजना संख्या

### पुर्वाधार तर्फ

| क्र . सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सडक स्तरोन्नती | ७४ | रोजगार तर्फ समेत |
| २ | भवन | १६ | |
| ३ | सिचाई तर्फ | १४ | |
| ४ | कल्भर्ट | १३ | |
| ५ | खानेपानी | ०३ | |
| ६ | खेल मैदान | ०३ | |
| ७ | फर्निचर खरिद | ०३ | |
| ८ | मन्दिर | ०३ | |
| ९ | चौपारी मर्मत | ०२ | |
| १० | विद्युत विस्तार | ०४ | |
| ११ | प्रतिक्षालय | ०१ | |
| १२ | कटान संरक्षण | ०३ | |
| १३ | पार्क स्तरउन्नती | ०५ | |
| १४ | कृषि सडक स्तरोन्नती /विस्तार | ०२ | |
| १५ | विविध प्रकारको योजना | ०६ | |

### स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य संस्था

नियमित खोप कार्यक्रम, गाउँघर क्लिनिक कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, अभियानका कार्यक्रमहरु, स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षण गरी स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयतामा बृद्धी गर्न सुपरीवेक्षण तथा अनुगमन स्वीकृत कार्ययोजना एवं स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरीवेक्षण निर्देशिका २०७८ मा व्यवस्था भएको चेकलिष्ट बमोजिम अनुसार विभिन्न स्वास्थ्य संस्थाहरु अनुगमन तथा सुपरीवेक्षण गरिएको थियो।

**आ.व.२०८०।०८१ मा अनुगमन सुपरीवेक्षण गरिएको विवरण**

१. अभियान कार्यक्रम – १८ पटक

२. स्वास्थ्य संस्था -  ३ पटक

**शिक्षा युवा तथा खेलकुद   तर्फ**

- आ.व. २०८०/८१ मा २२ पटक विद्यालय अनुगमन गरिएको।
- विद्यालय अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका पदाधिकारीहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, वडाध्यक्ष तथा वडा सदस्य, शिक्षा युवा तथा खेलकुद शाखा, आन्तरिक परीक्षा समितिका पदाधिकारी, आधारभूत तह उत्तीर्ण परीक्षा समिति, सञ्चारकर्मी, प्रदेश सरकार संघीय सरकारका निकायहरु ल तथा  बाह्य पक्षहरुबाट विद्यालयको स्थलगत अनुगमन गरिएको।

**समग्र अनुगमनको क्रममा देखिएको सवल पक्ष**

- आवधिक रुपमा योजनाको अनुगमन र सुपरीवेक्षण हुने हुदा प्रस्तावित योजनाहरुलाई मनोमानील्य रुपमा कार्यान्वयन गर्नमा कमी आएको,
- उपभोक्ता समितिले प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकाले उक्त काम गुणस्तरयुक्त हुन गरेको
- अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय काम हुने गरेको
- दवावको भरमा भुक्तानी गर्ने परिपाटीको अन्त्य भएको
- उपभोक्ताहरु एकजुट भइ काम गरेको।
- योजनाहरुमा जनसहभागिता भएको।
- योजना संझौता बमोजिम गुणस्तरिय सामाग्री प्रयोग गरी समयमानै सम्पन्न भएको।

- सम्पन्न भएका योजनाबाट उपभोक्ताहरुले सेवा लिएको।
- स्थानीय स्तरमा रोजगारी सृजना भएको
- श्रममा महिला सहभागिता वृद्धि हुद्धै गएको ।

**शिक्षा तर्फ**

- सबै सामुदायिक विद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तक वितरण भई सकेको।
- सामुदायिक विद्यालयहरुमा छात्राहरुका लागि वितरण भएको सेनेटरी प्याडको प्रयोग भएको।
- छात्रा तथा दलित छात्रवृत्ति वितरण कार्य सम्पन्न भएको।
- सामुदायिक विद्यालयहरुले निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनबाट दलित, जनजाती समूहका बालबालिकाहरुले बढी लाभ प्राप्त गरेको।

**८. अनुगमन तथा सुपरिवेक्षणको क्रममा देखिएका दुर्वल पक्षहरु:**

- कतिपय योजनाहरु स्थानीय विवादका कारण सुरु गर्न नै नसकेको अवस्था समेत देखियो।
- उपभोक्ता समितिमा पनि अध्यक्ष, सचिव र कोषाध्यक्ष वाहेक अन्य सदस्यहरु प्रकृया पुरा गर्न मात्र समितिमा बसेको तर योजनाको लागत ईष्टिमेट र बजेटको सिमा सम्बन्धमा जानकारी नरहेको
- उपभोक्ता समिति तथा अन्य समिति मार्फत संचालन गर्ने भनि गाउँपालिकाको कार्यालयसंग सम्झौता भएका कतिपय योजनाहरु तेस्रो पक्षलाई ठेक्कामा दिईएको
- सार्वजनिक परीक्षण गर्दा भेला नबोलाएर पहिलेकै उपभोक्ता समितिको आमभेलाको माइन्यूट तथा फोटो राख्ने गरेको
- उपभोक्ता समितिका पदाधिकारीहरु बाहेक अन्य लाभग्राहीहरुलाई आफ्नो टोलवस्तीका योजनाको बारेमा कुनै जानकारी नहुने गरेको
- योजनाको निर्माण कार्यका लागि सम्झौता गर्ने, काम समयमा संचालन नगर्ने पवृति रहेको
- उपभोक्ता समितिलाई तालिम दिंदा समेत नियम, कानून र विधि प्रक्रियाका विषयमा चासो नदिएको।

- उपभोक्ता समितिले समयसमयमा प्राविधिकहरुसंग इष्टिमेट तथा निर्माण प्रक्रियाका सम्बन्धमासोधपुछ गर्नुपर्नेमा नगरेको
- उपभोक्ता द्धारा लागत अनुमान (इष्टिमेट) बमोजिम काम नगरी बढी विल उठाउन प्राविधिकहरुलाई दबाब दिने गरेको।
- योजनाको निर्माण कार्य संचालन गर्नुभन्दा अगाडी नै सूचना पाटी राख्नुपर्नेमा काम सम्पन्न भइसकेपछि मात्र बनाएको।
- जग्गाको विवादले गर्दा निर्माण गर्न कठिनाई भएको ।
- दक्ष कामदारको अभाव रहेको ।
- उपभोक्ता समिति मार्फत हुने कार्यमा नियम विपरित भारी उपकरण प्रयोग गर्ने गरिएको
- टुक्रे योजनाहरुको संख्या धेरै भएकाले अनुगमन गर्न कठिनाइ हुने गरेको
- एउटै योजनाको नाममा धेरै ठाउँमा काम हुने भएकाले अनुगमनलाई चुस्त दुरुस्त गर्न नसकिएको।
- अनुगमन कार्यमा वडास्तरका जनप्रतिनिधिको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्षलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरिएको।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन नहुने।
- अनुगमन तथा मूल्यांकन प्रणाली प्रक्रियामुखी तथा कागजी प्रकृतिको हुनु
- अनुगमन तथा मूल्यांकन प्रणाली सहभागितात्मक नहुनु।
- निष्पक्ष तथा वस्तुगत कार्य सम्पादन अनुगमन र मूल्यांकन गरी पुरस्कार, सुधार तथा दण्डको नीति अवलम्बन नगर्नु।
- आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु।
- अधिकांस योजनाहरु आ.व. को अन्त्यमा आएर काम गर्ने पवृति कायमै रहेको।
- कामको गुणस्तर कायम गर्नमा केही उपभोक्ताहरु उदासिन रहेका।
- सम्झौता बमोजिम निर्धारित समयमा सक्नुपर्ने कतिपय योजनाहरु समयमै सम्पन्न नगरेको।
- प्राविधिक तथा अनुगमन समितिले दिएको सुझावको वेवास्ता गरेको।

- वडा स्तरीय अनुगमन समिति योजना कार्यान्वयन चरणमा खासै सक्रिय नदेखिएको।
- योजना संचालन देखी सम्पन्न सम्म सबै चरणका फोटोहरु पेश गर्नुपर्नेमा सम्पन्न भएका एक दुई फोटो मात्र पेश गर्ने गरेको ।
- केही योजनाहरुको सम्झौता तथा भुक्तानी प्रयोजनका लागि समिति मार्फत कागजातहरु पेश गर्नुपर्ने जनप्रतिनिधि, कर्मचारी र अन्य व्यक्ति मार्फत पेश हुने गरेको ।
- वडा कार्यालयबाट कागजातहरु रुजु नगरेरै सिफारिस गर्ने गरेको ।
- अधिकांश उपभोक्ता समितिले भुक्तानी प्रक्रियाका कागजातहरु पालिका आएर मात्र मिलाउने गरेको ।

**१०. अनुगमनको क्रममा उपभोक्ताहरुबाट आएका सुझावहरु:**

योजना स्वीकृत भएपछि उपभोक्ता मार्फत संचालन हुने योजनाहरुका लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धी तालिम समयमै प्रदान गर्नुपर्ने ।

योजना स्वीकृत हुनुभन्दा पहिले लागत अनुमान तयार गरी लागत अनुमानको आधारमा बजेट विनियोजन गर्नुपर्ने । लागत इष्टिमेट अङ्ग्रेजीमा हुँदा सबै उपभोक्ताहरुले बुझ्न कठिनाई भएकोले नेपालीमा गर्दा राम्रो हुने ।

भौगोलिक विकटताका कारण जिल्ला दररेट अनुसार काम गर्न समस्या भएकोले स्थानीय दररेट कायम गर्नुपर्ने

श्रमदान घटाउनुपर्ने ।

**योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरु:**

कुनै पनि योजनाहरुको संचालन गर्नु पुर्व, संचालन भइरहेको समयमा र सम्पन्न भइसकेपछि कम्तिमा तीन चरणमा अनिवार्य रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने ।

• अनुगमन तथा सुपरिवेक्षण समितिले योजनाको अनुगमन तथा सुपरिवेक्षण गरिसकेपछि मात्र अनुगमन प्रतिवेदन दिने कार्यलाई कार्यान्वयनमा ल्याउने ।

• अनुगमन तथा सुपरिवेक्षण समितिका सबै सदस्यहरुले योजनाहरुको स्थलगत अनुगमन गर्ने ।

• योजनाहरुको प्राविधिक नापजाँच र अनुगमन तथा सुपरिवेक्षणको कार्य संगसंगै गर्ने/गराउने ।

• इस्टिमेट अनुसार काम गरे नगरेको नियमित रुपमा अनुगमन गरी सम्बन्धित पक्षलाई सुझाव सल्लाह दिने ।

**समस्या समाधानका लागि गरिएका पहलहरु**

- उपभोक्ता समितिबाट हुने कामलाई १५ प्रतिशत जन सहभागितालाई सुनिश्चितता गरिएको
- लागत ईष्टिमेट अनुसार नै निर्माण कार्य गर्नका लागि प्राविधिकबाट निरन्तर स्थलगत अनुगमन गरेको ।
- उचित निर्माण सामाग्रीको प्रयोगमा जोड दिएको ।
- जग्गा विवाद भएमा गा पा को अमिनद्वारा जग्गाको सिमान्कन गरेको ।
- निर्माण कार्यको गुणस्तरियता कायम गर्न विभिन्न परिक्षणको व्यवस्था गरिएको ।

**सिकाईहरु**

- निश्चित समय तालिका अनुसार अनुगमन गर्दा दैनिक सेवा प्रवाहमा समस्या हुने नगरेको
- उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पूर्ण सदस्यहरुसंग छलफल र पुष्ठपोषण गर्न सहज हुने गरेको ।
- अनुगमन कार्यमा समग्र समितिका सदस्यहरुको अनिवार्य उपस्थितिले भुक्तानी सिफारिसमा सहज हुने गरेको

**सुझावहरु**

उपभोक्ता स्तरीय अनुगमन समितिले उपभोक्ता समितिलाई नियमित रुपमा राय सुझाव सल्लाह दिने तथा योजनाको अनुगमन सुपरिवेक्षण गर्ने ।

• योजनाको निर्माण कार्य संचालन गर्नुभन्दा अगाडी नै आयोजना स्थलमा सूचना पाटी राख्ने ।

• अनुगमन तथा मूल्याङ्कन गर्दा सरोकारवाहरुलाई समेत संलग्न गराई उनिहरुको राय तथा प्रतिक्रिया समेत लिने ।

वडा कार्यालयबाट कागजातहरु रुजु गरी मात्र सिफारिस गर्ने ।

योजनाको अनुगमन तथा निरीक्षण कार्यमा वडा स्तरीय अनुगमन समिति सक्रिय हुनुपर्ने ।

**अनुगमन तथा सुपरिवेक्षण समितिको सुझावहरु:**

- उपभोक्ता समिति गठन तथा योजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्दा सार्वजनिक रुपमा सूचना जारी गरी सबै उपभोक्ता तथा लाभग्राहीहरुलाई जानकारी गराई आमभेलामा सहभागी गराउनुपर्ने।
- योजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्दा जनप्रतिनिधि तथा कार्यालयको प्रतिनिधिलाई अनिवार्य रुपमा उपस्थित गराउनुपर्ने ।
- योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउनका लागि सम्बन्धित वडाको वडा अध्यक्षले वडा सदस्यहरुलाई कार्यक्षेत्र छुट्याएर जिम्मेवारी दिनुपर्ने ।
- कुनै पनि योजनाका लागि बजेट विनियोजन गर्नुभन्दा पहिले लागत अनुमान तयार गरी सम्पन्न गर्न सकिने योजनाहरुमा मात्र बजेट विनियोजन गर्नुपर्ने ।
- गाउँपालिकाले योजना तथा बजेट विनियोजन गर्दा उक्त योजनाको बारेमा सरोकारवाला बीच छलफल गरी विवाद रहित ढंगबाट योजना संचालन हुने यकिन भएपछि मात्र योजना छनौट गर्ने ।
- उपभोक्तालाई निर्माण अवधिमा कुनै प्राविधिक कठिनाई आइपरेमा सम्बन्धित प्राविधिकले समयमै सहजिकरण गर्नुपर्ने ।
- स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत संचालन गर्ने ।
- स्थानीय सीप, श्रोत र साधन उपयोग नहुने तथा मेसिन प्रयोग गर्नुपर्ने आयोजनाको कार्यान्वयन टेण्डर मार्फत संचालन गर्नुपर्ने ।
- अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिसमा उत्कृष्ठ र गुणस्तरीय कार्य सम्पादन गर्ने उपभोक्ता समितिलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाउने ।
- समयमै कार्य सम्पादन नगर्ने, गल्ती तथा कमजोरी गर्ने, समयमै पेश्की फर्यौट नगर्ने, प्राविधिक लागत इष्टिमेट अनुसारकाम नगरी आफूखुसी काम गर्ने, आर्थिक अनियमितता गर्ने उपभोक्ता समितिलाई दण्ड सजाय गर्ने ।
- मुख्य मुख्य योजनाहरुको अनुगमन गर्न गाउँपालिका अध्यक्षलाई समेत आमन्त्रण गर्नुपर्ने ।

- स्तरीय तथा सहभागितात्मक अनुगमनमा जोड दिने
- अनुगमन पश्चात् पृष्ठपोषण, पुरस्कार र दण्डको व्यबस्था गर्ने,
- आगत,क्रियाकलाप र नतिजामूलक अनुगमनलाई फरक फरक स्तरमा राखी प्रतिफलमा नभइ प्रभाव अनुगमनमा जोड दिने
- नतिजामूलक तथा प्रभावकारी अनुगमन, मूल्यांकन प्रणालीको विकास र अभ्यास गर्ने।
- एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्यांकनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिबृद्धि गर्ने।
- आयोजना कार्यक्रमहरुसँग सम्वन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्यांकनलाई आयोजनाको प्रगतिसँग आवद्ध गर्ने।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजालाई योजना, कार्यक्रम तथा आयोजना तर्जुमा, कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने।
- स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्यांकन कार्यका लागि आवश्यकता अनुसार परिचालन गर्नुपर्ने।
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा लाभग्राही सरोकारवालाहरुलाई समेत संलग्न गराउनु पर्ने।
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने, वेवमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने। जसबाट तत्काल प्रतिवेदन पनि स्वतः निर्माण हुने हुँदा अनुगमनको व्यवस्थित अभिलेख रहनुका साथै विश्वसनियतामा वृद्धि हुने। अनुगमन, मूल्यांकनको लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने।
- हरेक विषयगत शाखाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने

**निष्कर्ष :**

समष्टिगत रुपमा हेर्दा गाउँपालिकाद्धारा संचालित आयोजनाहरुको कार्यसंचालनको स्थिति सन्तोषजनक देखिन्छ । उपभोक्ता समितिबाट आयोजना संचालन गर्नुभन्दा पहिले उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धि तालिमलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ। बढीभन्दा बढी लागत सहभागिता हुने आयोजनाहरुलाई गाउँपालिकाले प्राथमिकता दिन सकेमा गाउँपालिका क्षेत्रको विकासमा अझ टेवा पुग्ने देखिन्छ विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूत गर्ने गरी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई अगाडि बढाउनु अति जरुरी देखिएको छ। अन्यथा नयाँ व्यवस्थाप्रति पनि जनताको विश्वास र भरोसा विस्तारै घट्दै र हट्दै जानसक्छ । तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दै राप्ती गाउँपालिकाको योजनाको कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रणालीलाई समय तालिकावद्ध,व्यवस्थित र प्रभावकारी बनाउनु जरुरी देखिन्छ।

**सभाध्यक्ष महोदय, सभाका सचिव तथा सदस्यज्यूहरु,**

यस समितिलाई कानूनले निर्दिष्ट गरेका काम कर्तब्य र अधिकारका अधिनमा रही सम्मानित सभा समक्ष योजना अनुगमन तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन तयार गरी पेश गरी सभामा पेश गर्ने अवसर दिनुभएकोमा समितिको तर्फबाट हार्दिक आभार सहित धन्यवाद।

**प्रतिवेदक:**
**कमलापति चौधरी**
**उपाध्यक्ष तथा संयोजक अनुगमन तथा सुपरिवेक्षण समिति**

## अनुगमनका क्रममा लिईएका तस्विरहरु



विद्यालय अनुगमन

Book free Friday













